# गणपति लघुवित्त वित्तीय संस्था लि.
## केन्द्रीय कार्यालय दुलेगौंडा, तनहुँ
## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित अनुसूची - १५ बमोजिमको वार्षिक प्रतिवेदन (२०७७/७८)

**(१) सञ्चालक समितिको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(२) लेखापरीक्षकको प्रतिवेदन :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(३) लेखापरीक्षण भएको वित्तीय विवरण :**

- वार्षिक प्रतिवेदनमा संलग्न गरिएको छ ।

**(४) कानूनी कारवाही सम्बन्धी विवरण :**

**(क) समीक्षा अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै मुद्दा दायर भएको छैन ।

**(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा संस्थाले मुद्दा दायर गरेको वा भएको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै विवरण प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको भए :**

- समीक्षा अवधिमा त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोवार तथा प्रगतिको विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :**

- संस्थाको शेयरको बजार मूल्य र कारोवारको निर्धारण खुल्ला बजारमा निर्भर हुने भएकोले यस सम्बन्धमा व्यवस्थापनको छुट्टै धारणा नरहेको ।

**(ख) आ.व. वर्ष २०७८/७९ को प्रत्येक त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकत्तम र न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोवार शेयर संख्या र कारोवार दिनको विवरण:**

| विवरण | प्रथम त्रैमासिक (२०७७/०७८) | दोस्रो त्रैमासिक (२०७७/०७८) | तेस्रो त्रैमासिक (२०७७/०७८) | चौथो त्रैमासिक (२०७७/०७८) |
|---|---|---|---|---|
| अधिकत्तम मूल्य | ८८८ | ९६० | १,९९६ | १,८८१ |
| न्यूनतम मूल्य | ७३६ | ८०५ | १,२७१ | १,५२५ |
| अन्तिम मूल्य | ८२९ | ८३६ | १,७७५ | १,७८० |
| शेयर कारोवार संख्या | २,६३४ | १,६४७ | ५,०२९ | ४,८२३ |
| कारोवार दिन | ६३ | ३५ | ५९ | ६५ |

**(६) समस्या र चुनौतीः**

**(क) आन्तरिकः**

- संचालन खर्च नियन्त्रण ।
- दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवा परित्याग ।
- भौतिक पूर्वाधारको अपर्याप्तता ।
- जोखिम व्यवस्थापन थप प्रभावकारी बनाउनु पर्ने ।

**(ख) वाह्यः**

- लगानीका अवसर र क्षेत्रहरु विस्तार हुन नसक्नु ।
- संख्यात्मक रूपमा वृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारसँगै बढ्ने सदस्यहरूको दोहोरोपना ।
- कोरोना महामारी (कोभिड-१९) ले श्रृजना गरेको परिस्थिति र लघुवित्त क्षेत्रमा पार्ने दिर्घकालिन प्रभाव ।
- नियमनकारी निकायबाट अप्रत्यासित रूपमा हुन सक्ने नीतिगत परिवर्तन र सोबाट सिर्जित अवस्था ।

**(ग) रणनीतिः**

देखिएका समस्या तथा चुनौतीहरुको सामना गर्दै केन्द्र व्यवस्थापनलाई उच्च महत्व दिई गुणस्तर कायम गर्ने र वित्तीय संस्थासँग रहेका स्रोत तथा साधनको अधिकतम उपयोग गरी ग्राहक सदस्यहरुको सन्तुष्टीको स्तर वृद्धिको साथे संस्थाको मुनाफा वृद्धि कायम राख्न कर्मचारीहरुको कार्यकुशलमा बृद्धि गर्ने, सदस्यहरुलाई सीपमूलक तालिमको व्यवस्था गर्ने, प्रविधिमेत्री वित्तीय सेवा प्रदान गर्ने आदि व्यवस्थापनको रणनीति रहेको छ ।

**(७) संस्थागत सुशासनः**

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन,२०७३ एवं नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्च लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग सम्बन्धित ऐन कानुनहरु तथा सम्बन्धित निकायहरुद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा परिपालना गरिएको छ। वित्तीय संस्थाले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखापरिक्षण समिति गठन गरिएको छ। आन्तरिक लेखापरिक्षण तथा वाह्य लेखापरिक्षणवाट प्राप्त सुभाव तथा निर्देशनलाई पालना गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अभ सुदृढ वनाउन व्यवस्थापनलाई सल्लाह र सुभाव दिदै आएको छ ।

वित्तीय संस्थाको कर्जा जोखिम तथा संचालन जोखिम, कर्मचारी व्यवस्थापन, लगायतका विषयमा आवश्यक निर्णय गर्न जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति रहेका छन् ।